स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री रेखा थापा र निर्देशक सबिर श्रेष्ठको सहकार्यमा निर्माण भएको फिल्म "छतीसको आँकडा"को आगामी मङ्सिर २७ गतेबाट प्रदर्शनमा आउने भएको छ। अभिनेत्री निरुता सिंहको जन्मदिनको अवसर पारेर रेखाकै "बीआर क्याफे"मा आयोजित एक कार्यक्रममा फिल्ममा रिलिज मिति घोषणा गारिएको हो। रेखा फिल्मस् र काइट्स इन्टरटेन्मेन्टको सहकार्यमा निर्माण भएको यो फिल्म सबिर श्रेष्ठले निर्देशन गारेका हुन्।

आजको विचार...



स्मीता पौडेल

प्रकृतिको... *(दुई पेजमा)*



अभिनेता विजय बरालको मुख्य भूमिका रहेको फिल्म "जिरो डिग्री" माघ १५ गतेबाट प्रदर्शन हुने भएको छ। मंगलबार फिल्मको एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मितिबारे जानकारी गराइएको हो। यसअघि फिल्म तिहारमा प्रदर्शन हुने भनिएको थियो। तर, तिहारमा स्वदेशी र विदेशी फिल्मको ठूलो भीडभाड हुने भएपछि निर्माताले फिल्मलाई तीन महिना पछाडि सारेका हुन्। सार्वजनिक पोस्टरमा विजय बराललाई मात्र स्थान दिइएको छ। ढाका टोपी, बाक्लो जुँगा, चस्मा र परम्परागत पहिरनमा देखिएका उनी घोडामा सवार छन्।

❒ वर्ष ३२ ❒ अंक ७५ ❒ २०८३ असोज १४ गते बुधबार 30 September 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### सेनाको हवाई हमलामा ४९ जनाको मृत्यु

**एजेन्सी**

**बैंकक,** असोज १३/म्यान्मारको पश्चिमी रखाइन राज्यमा सेनाले विद्रोही समूह अराकान आर्मीको नियन्त्रणमा रहेको क्षेत्रमा हवाई हमला गर्दा कम्तीमा ४९ जनाको मृत्यु भएको छ । घटनामा ५८ जना घाइते भएका छन् । अराकान आर्मी र उद्धार कार्यमा संलग्न एक अधिकारीका अनुसार सोमबार क्याउक्ताव टाउनसिपको स्थानीय बजारनजिक एक लडाकु विमानले दुईवटा बम खसालेको थियो । मृतकमा बजारका व्यापारी, सामान किन्न आएका ग्राहक तथा बाटो हिँडिरहेका सर्वसाधारण रहेको बताइएको छ । घाइतेमध्ये २२ जनाको अवस्था गम्भीर रहेको अराकान आर्मीले जनाएको छ । रखाइनमा उद्धार कार्यमा संलग्न वरिष्ठ अधिकारी वाई हुन आङले घटनास्थलमा रहेका उद्धारकर्मीबाट प्राप्त विवरणका आधारमा हताहतको संख्या पुष्टि गरेको एसोसिएटेड प्रेसले जनाएको छ । उनका अनुसार उक्त बजार राज्यकै प्रमुख थोक व्यापार केन्द्रमध्ये एक थियो, जहाँ विभिन्न क्षेत्रबाट व्यापारी तथा ग्राहक आउने गरेका थिए । अराकान आर्मीले घटनालाई आफूहरूको नियन्त्रणमा रहेको क्षेत्रमा भएको गम्भीर हवाई हमला भन्दै जिम्मेवार पक्ष र संस्थाविरुद्ध प्रभावकारी जवाफी कारबाही गर्ने चेतावनी दिएको छ ।

## सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौ,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं / नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

**सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# वर्षाले पाल्पाका सडक क्षतविक्षत, पुल समेत जोखिममा

**रामचन्द्र रायमाझी**

पाल्पा, असोज १३ / चार दिनदेखि लगातार परेको वर्षासँगै आएको बाढी र पहिरोले पाल्पाका सडक तथा पुलमा व्यापक क्षति पुगेको छ । मुख्य राजमार्गदेखि ग्रामीण सडकसम्म दर्जनौं स्थानमा पहिरो खस्दा यातायात प्रभावित भएको छ भने कालीगण्डकी नदीमा आएको बाढीले पक्की तथा झोलुङ्गे पुलसमेत क्षतिग्रस्त बनाएको छ ।

वर्षाका कारण कतिपय सडकको तल्लो भाग कटान भएर सडक भासिएको छ भने ठाउँ-ठाउँमा पहिरो खस्दा सडक अवरुद्ध भएका छन् । सडक अवरुद्ध हुँदा यात्रु तथा सवारीसाधन अलपत्र पर्नुका साथै ग्रामीण क्षेत्रका बासिन्दाले दैनिक उपभोग्य वस्तु, कृषि उपज तथा बिरामीलाई उपचारका लागि अस्पतालसम्म लैजानसमेत समस्या भोग्नुपरेको छ । सिद्धार्थ राजमार्गअन्तर्गत बर्तुङ्ग-राम्दी सडकखण्डको माथागढी गाउँपालिका-



१, चिदिपानी, धेरैनीमा पहिरो खसेपछि सडक अवरुद्ध भएको छ । वर्षाका कारण सडकको तल्लो भाग कटान हुनुका साथै राजमार्गको करिब आधा भाग भासिएपछि मंगलबार बिहानैदेखि यातायात प्रभावित भएको स्थानीय शिशिर भट्टराईले जानकारी दिए । राजमार्ग अवरुद्ध भएपछि स्याङ्जा र पोखराबाट बुटवलतर्फ तथा बुटवलबाट पोखरातर्फ जाने ठूला सवारीसाधन सडकमा अलपत्र परेका छन् । यो समाचार तयार पार्दासम्म मोटरसाइकल तथा साना सवारीसाधनलाई मात्र सावधानीपूर्वक गन्तव्यतर्फ पठाइएको छ । सडकको तल्लो भागबाट जग निकाल्न नमिल्ने भएकाले माथिल्लो भाग कटान नगरी ठूला सवारीसाधन सञ्चालन गर्न सकिने अवस्था नरहेको सडक डिभिजन पाल्पाका निमित्त प्रमुख पवित्रमणि आचार्यले बताए । यस्तै रूपन्देहीको सालझण्डीदेखि रैनादेवी छहराको सुन्दरेढुङ्गा जोड्ने सडकखण्डमा दर्जनौं स्थानमा पहिरो खसेपछि यातायात अवरुद्ध भएको छ । रिब्दीकोट गाउँपालिकाको मुख्य सडकदेखि मुझुङ-मैनादी जोड्ने मोटरबाटो पनि पहिरोका कारण पूर्ण रूपमा बन्द रहेको स्थानीय कृष्ण पोखरेलले बताए । त्यस्तै, पूर्वखोला जोड्ने विभिन्न ग्रामीण सडक तथा माथागढी गाउँपालिकाको केन्द्रदेखि रूपन्देहीको खैरेनी जोड्ने मोटरबाटो पनि पहिरोका कारण प्रभावित भएका छन् । निस्दी गाउँपालिकाको केन्द्रसम्म जोड्ने करिब सात किलोमिटर सडकमा मात्रै १० स्थानमा पहिरो खसेको छ । ढुङ्गानाबेँसी-मित्याल सडकखण्डमा पनि दर्जनौं स्थानमा पहिरो खसेपछि यातायात अवरुद्ध भएको छ । तिनाउ गाउँपालिका-तल्लो कचलमा पनि पहिरोका कारण चार दिनदेखि बजारसँगको सडक सम्पर्क विच्छेद भएको स्थानीय विपिन आचार्यले जानकारी दिए । *-बाँकी अन्तिम पेजमा...*

# देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा आठ जनाको मृत्यु

**पाल्पा,** असोज १३ / देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा परी आठ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार तीन जनाको सवारी दुर्घटना र पाँच जना मृत अवस्थामा फेला परेका हुन् ।



धनुषा, सुनसरी, रौतहट, तनहुँ, रूपन्देही, सिन्धुली, रोल्पा र ताप्लेजुङमा भएका घटनामा आठ जनाको ज्यान गएको प्रहरीले जनाएको छ । धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-१ राजदेवी मन्दिर अगाडि सडकमा टिपरको ठक्करबाट एक पैदलयात्री मृत्यु भएको छ । जनकपुरबाट महेन्द्रनगरतर्फ आउँदै गरेको मधेश प्रदेश ०३-००१ ख ८५४५ नम्बरको टिपरको ठक्करबाट महोत्तरी लोहारपट्टी नगरपालिका-३ बस्ने रामनाथ रामकी छोरी अन्दाजी ४ वर्षीया नैनसि रामको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको राम जानकी अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै सुनसरीको धरान उपमहानगरपालिका-१५ आरालाईनस्थित सडकमा मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक हाल नाम, थर र वतन नखुलेका अन्दाजी ३० वर्षीय पुरूषको मृत्यु भएको छ । श्याम चोकबाट पुरानो बसपार्कतर्फ जाँदै गरेको को.३५ प ४११५ नम्बरको मोटरसाइकल दुर्घटना भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको बीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै रौतहटको गौर नगरपालिका-९ सिरसियास्थित सडकमा गौरबाट हजमिनियातर्फ जाँदै गरेको बीआर २२ एच ६१५९ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ७२ वर्षीय नारायण बैठाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको सर्वोत्तम अस्पताल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको हो ।

*-बाँकी अनितम पेजमा....*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सोह्रश्राद्धको महिमा

प्रत्येक वर्ष आश्विन कृष्ण पक्षदेखि सुरु हुने सोह्रश्राद्ध आइतबारदेखि सुरु भएको छ । सोह्र दिनसम्म चल्ने यस श्राद्धलाई पितृ पक्ष पनि भनिन्छ । यो २४ गते समापन हुँदै छ । सोह्रश्राद्धको वैदिक संस्कृतिमा विशेष महत्व छ । १६ दिनको यो पितृपक्षमा पितृको मृत्यु तिथीमा श्राद्ध गरेर बिदाई गरेपछि बल्ल दशैंको रौनकको औपचारिक रुपमा शुरुवात हुने गर्दछ । सोह्र श्राद्ध, पितृपक्ष, कगंत, जितीया, महालय पक्ष, पितृ पोखो आदि विभिन्न नामले यी पवित्र १६ दिनको पुकारा गरिन्छ ।

सूर्य कन्या राशीमा प्रवेश गर्दा यो पर्व हुन्छ भने कन्या राशीमा सूर्य सरेको बखत दिवंगत पितृहरूलाई पिण्डदान नगर्ने पुत्रहरू पापी हुन्, कृतध्न हुन् भनेर बताइएको छ । गृहस्थी भएर आश्विनको पितृपक्षमा श्राद्ध नगर्नेका लागि उसका धन र सम्पत्ति, बैभव एवं उसका सन्तति निरर्थक हुन्छन्, पितृहरूको श्वास–प्रश्वास रोकेर उनीहरूलाई हुने पीडाले परिवारको भरण पोषणमात्र खोज्नु राम्रो हुँदैन । यो १५ दिनको पक्षभित्र जहिले श्राद्ध गरे पनि हुन्छ किन्तु बाबुको या नसके बाजेको तिथिमा लिइनु राम्रो मानिन्छ । सुतक, जुठो वा असर्धो समय परे एकादशी या औंसीमा गरिनुपर्छ । रोकिएकाले नगर्ने भन्ने होइन, यो १५ दिन नै रोकिएमा लक्ष्मीपूजाको औंसीमा गर्न पनि सकिन्छ । जुन पिता माताबाट हामीलाई यो शरीर मिल्यो, लालन पालन भयो मरेपछि उनीहरूका लागि कुनै विशेषा सत्कार गर्न सकेनौं भने त्योभन्दा ठूलो कृतघ्नता अरू केही हुन सक्दैन । मातापिताको ऋण सय वर्ष भोग्न सयौं जन्मसम्म पनि तिर्न सकिँदैन । यसर्थ उनीहरूको नाममा दान गर्दा पितृहरुको आत्मा तृप्त हुने मान्यता रहेको छ । सोह्रश्राद्ध केवल दिवंगत पितृहरूको सम्झना गर्ने धार्मिक अवसर मात्र होइन, यो परिवार, संस्कार र पुस्ताबीचको सम्बन्धलाई पुनः स्मरण गराउने महत्वपूर्ण परम्परा पनि हो । आफ्ना पुर्खाले परिवार र समाजका लागि गरेको योगदान सम्झनु, उनीहरूबाट प्राप्त मूल्य–मान्यता नयाँ पुस्तालाई हस्तान्तरण गर्नु र परिवारका सदस्यबीच आत्मीयता बढाउनु यस परम्पराको महत्वपूर्ण पक्ष हो । तर आजको पुस्ता शिक्षा, रोजगारी र जीवनशैलीका कारण भौगोलिक रूपमा टाढिँदै गएको छ । यस्तो अवस्थामा परम्परालाई केवल कर्मकाण्डका रूपमा निरन्तरता दिनुभन्दा त्यसको मूल भावना बुझ्नु अझ आवश्यक हुन्छ । श्राद्धका नाममा हुने अनावश्यक खर्च, देखासिकी र सामाजिक दबाबलाई कम गर्दै श्रद्धा, स्मृति र कृतज्ञतालाई केन्द्रमा राखिनुपर्छ । पितृप्रति सम्मान व्यक्त गर्ने नाममा हुने खर्चले आर्थिक रूपमा कमजोर परिवारलाई बोझ थप्नु उचित हुँदैन । धर्म र संस्कार मानिसको जीवन सहज बनाउने माध्यम हुनुपर्छ, बोझ बनाउने होइन । सोह्रश्राद्धको सार श्रद्धामा छ, प्रदर्शनमा होइन । समयसँगै विधि र व्यवहारमा परिवर्तन आए पनि आफ्ना पुर्खाप्रतिको सम्मान, कृतज्ञता र पारिवारिक मूल्य जोगाइराख्न सकिए सोह्रश्राद्धको सांस्कृतिक महत्व अझ जीवन्त रहिरहनेछ ।

## Opinion @ Social Network

स्वच्छ हृदय लिएर अगाडी बढ्नुहोस,
कहिल्ये पछुताउनु पर्दैन सबै राम्रा चिज हरु गन्तीमा आउने गर्दछ...।
*(सन्दिप पुनको फेसबुक स्टाटसबाट www.facebook.com/Sandip.Pun)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रकृतिको प्रकोप र मान्छेको विपद्



## स्मीता पौडेल

प्रकोप प्रकृतिको नियमित घटना हो । तर त्यही प्रकोप कसलाई विपद् बन्छ ? कति ठूलो विपद् बन्छ ? र, त्यसको मूल्य कसले बढी चुकाउँछ ? भन्ने कुरा प्रकृतिले मात्र तय गर्दैन । कुनै समय विपद्लाई दैवी शक्तिका रूपमा व्याख्या गर्दै विपद्लाई देवता र प्रकृतिको कार्यक्षेत्र मानिने अवधारणा व्याप्त थियो । हाल विश्वव्यापी रूपमै विपद्सम्बन्धी विमर्शहरूमा मानवीय पाटोतिर ध्यान दिन थालिएको छ । विपद् अध्ययनका प्रख्यात अध्येता बेन विस्नर र उनका सहलेखकहरूले ‘याट् रिस्क’ पुस्तकमा विपद् र जोखिमलाई बुझ्ने एउटा महत्त्वपूर्ण दृष्टिकोण प्रस्तुत गरेका छन् । उनीहरूका अनुसार प्राकृतिक घटना आफैंमा विपद् होइन । मानिस वा पूर्वाधारको कुनै प्रकोपसँगको सम्मुखता र त्यस जोखिमसँग जुध्ने सामाजिक, आर्थिक तथा अन्य क्षमताबीचको अन्तर्क्रियाका कारण त्यसले विपद्को रूप लिन्छ । अर्थात्, विपद्लाई जोखिमयुक्त घटनासँग मानिसको एक्सपोजर र भल्नरेबिलिटीको अन्तर्क्रियाका रूपमा बुझ्न सकिन्छ । यसरी हेर्दा विपद्को सम्पूर्ण कथा बाढी, पहिरो वा भूकम्पको कथा मात्रै होइन । कथाको आधा भाग मानिस कहाँ र कसरी बसेको छ ? र सङ्कट पर्दा त्यसबाट जोगिन तथा त्यसपछि उठ्न ऊसँग कति क्षमता छ ? भन्नेलगायत विषयले निर्धारण गरेको हुन्छ । यसैगरी गोनजालो लिजाराल्डेले आफ्नो चर्चित पुस्तक ‘अनन्याचुरल डिजास्टर्स’ मा विपद्को कथा प्रकोपबाट मात्र सुरु नहुने तर्क गरेका छन् । विपद्को कारण खोज्न प्रकोप आउनुअघिको समाजतर्फ फर्किनुपर्छ । लिजाराल्डेका लागि विपद्का कारणहरू सामाजिक असमानता, सामाजिक वञ्चितीकरण, राज्यले अवलम्बन गरेको विकासको ढाँचा र निर्णय प्रक्रियासम्म पुग्छन् । त्यसैले केही वर्षअगाडिको रोशी खोलाको बाढी होस् वा हालैको भोटेकोसीको प्रलय, विपद्बारे बुझ्न हामीले प्रकोपको घटना भएको दिनलाई मात्र हेरेर पुग्दैन । कुनै प्रकोप विपद् बन्छ वा बन्दैन ? भन्ने कुरा प्रकोप आएको दिनले मात्र तय गर्दैनह समाजमा त्यसको आधार पहिलेदेखि नै निर्माण भइसकेको हुन्छ ।

### दैवी प्रकोपदेखि विपद्सम्म

विशेषगरी भोटेकोसी विपद्पछि हाम्रा सार्वजनिक बहसहरूमा प्राकृतिक विपद् भन्ने शब्दावली व्यापक रूपमा प्रयोग भइरहेको छ । विपद् जोखिम न्यूनीकरणसम्बन्धी अन्तर्राष्ट्रिय विमर्शहरूमा प्रचलनबाट हटिसकेको शब्दावलीसँगको मोह हामीले अझै त्याग्न सकेका छैनौं । त्यसो त नेपालमा विपद्लाई देवताको क्षेत्राधिकारबाट मानिसको जिम्मेवारीसम्म ल्याउन दशकौं लागेको उदाहरण छ । २०३९ सालको दैवी प्रकोप उद्धार ऐनले विपद् व्यवस्थापनलाई मुख्य गरी विपद् आएपछि उद्धार र राहतको दृष्टिकोणबाट हेर्ने कानुनी संरचना निर्माण गरेको थियो । जोखिम न्यूनीकरण, पूर्वतयारी र पूर्वसूचनाको अवधारणा भने लामो समयसम्म नीतिगत सोचको केन्द्रमा आउन सकेन । २०७२ सालको भूकम्पपछि विपद् जोखिमसम्बन्धी बुझाइमा उल्लेखनीय परिवर्तन आयो । त्यसैको पृष्ठभूमिमा आएको २०७४ सालको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले प्रतिक्रियामुखी अभ्यासबाट जोखिम पहिचान, जोखिम न्यूनीकरण, पूर्वतयारी, पूर्वसूचना र पुनर्लाभतर्फको फराकिलो विपद् व्यवस्थापन अवधारणालाई संस्थागत गर्ने प्रयास गर्‍यो । यो नेपालको विपद् व्यवस्थापनमा महत्त्वपूर्ण प्याराडाइम सिफ्ट थियो । तर विडम्बना के छ भने यो ऐनले पनि विपद्लाई ‘प्राकृतिक’ र ‘गैरप्राकृतिक’ भनेर वर्गीकरण गरेर प्रकृति र मान्छेको क्षेत्राधिकार छुट्याएको छ । त्यसो त प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष को नाममा दैवी प्रकोप युगको धङधडी अझै बाँकी नै छ । सायद यस्तै वैचारिक र कानुनी विरासतका कारण हाम्रो विपद्सम्बन्धी सार्वजनिक र नीतिगत विमर्शहरूमा अझै पनि ‘प्राकृतिक विपद्’ र ‘दैवी प्रकोप’ जस्ता शब्दावली सहजै प्रयोग भइरहेका छन् ।

### प्रकोपको विपद्मा रूपान्तरण

विपद्को सम्पूर्ण दोष प्रकृतिमाथि थोपर्दै विपद्लाई प्राकृतिक भनेर सामान्यीकरण गरिरहँदा जोखिम पहिचान, न्यूनीकरण र पूर्वतयारीमा गर्न सकिने कामहरू गौण बन्न पुग्छन् । विपद् बुझ्नलाई प्रकोपबाट विपद्सम्मको रूपान्तरण प्रक्रिया बुझ्नु जरुरी छ । एउटा अनकन्टार हिमाली भूगोलमा झरेको हिम–चट्टानी पहिरो त्यही भूगोलको प्रकोपमा सीमित रहन सक्थ्यो । तर त्यही प्रकोप ल्हेन्दे खोलातर्फ झर्दै, भोटेकोसीमा मिसिँदै र त्यसको बाटोमा रहेका बस्ती, सडक, पुल, बजार तथा अन्य पूर्वाधारलाई सोहोर्दै तल झर्‍यो । प्रकृतिमा घटेको एउटा घटना मानवीय भूगोलमा प्रवेश गरेपछि विपद्को रूप लियो । हामीले अनकन्टार हिमाली कुनाहरूलाई पनि अनकन्टार रहन दिएनौं । व्यापारका सम्भावना देख्यौं, बस्ती बसाल्यौं, सडक पुर्‍यायौं, बजार जोड्यौं र जलविद्युत्लगायतका पूर्वाधार निर्माण गर्‍यौं । त्यो विकास आफैंमा समस्या भने थिएन । समस्या तब सुरु भयोह जब पहुँच र विकासको विस्तारसँगै जोखिमको पहिचान, भूउपयोग योजना र जोखिम व्यवस्थापन त्यही गतिमा अघि बढ्न सकेन । यसरी प्रकोप हिँड्ने बाटोमा थपिएका संरचना र पूर्वाधारले क्षतिको सम्भावित आकार बदलियो । प्रकोपलाई विपद्मा रूपान्तरण गर्ने प्रक्रियामा हाम्रा नीतिगत कमजोरीहरूले भूमिका खेल्छन् । बस्तीको अवस्थिति, पूर्वतयारी, जोखिम आकलन र त्यसको कार्यान्वयन, पूर्वसूचना प्रणाली, जनचेतना तथा सामुदायिक तयारी, मानिसहरूको सामाजिक-आर्थिक अवस्था, वञ्चितीकरण, बिमाजस्ता जोखिम हस्तान्तरणका उपाय- यी सबैले कुनै प्रकोपले कति ठूलो मानवीय र भौतिक क्षति निम्त्याउँछ ? भन्ने निर्धारण गर्छन् । तर के लाङटाङ-रसुवा बाढीजस्तो प्रलयलाई विपद् बन्न नदिन सम्भव थियो ? रसुवा भोटेकोसीमा यसपटक हामीले सामना गरेको घटनाको तीव्रतालाई व्याख्या गर्न विपद्को हाम्रो शब्दकोषमा शब्दको समेत अभाव खड्कियो । लाङटाङ लिरुङ हिमालको करिब ५,१५० मिटर उचाइमा रहेको ठूलो हिम-चट्टानी भागको केही हिस्सा खसेपछि सुरु भएको यो घटना एकल घटना नभई शृङ्खलाबद्ध प्रकोप भएको तथ्य वैज्ञानिक अध्ययनहरूले पुष्टि गरिसकेका छन् । यसको तीव्रता असाधारण थियो । यो बाढीले रसुवागढीसम्मको २२ किलोमिटर दूरी करिब सात मिनेटमै पार गरेको अध्ययनहरूले उल्लेख गरेका छन् । त्यसैले यो परिचित बाढीको अर्को संस्करण मात्र थिएन । जोखिम न्यूनीकरण र व्यवस्थापनको पूर्वसर्त भनेको जोखिमलाई चिन्नु हो । तर हाम्रो आकलनभन्दा बाहिरको यस्तो जोखिमलाई चिन्ने, नक्साङ्कन गर्ने र योजनामा समेट्ने काम असम्भवजस्तै भान हुन्छ । यसरी हेर्दा लाङटाङ भोटेकोसीले हाम्रो जोखिम आकलन गर्न सक्ने क्षमताको पनि परीक्षा लिएको छ । वर्ल्ड वेदर एट्रिब्युसनको अध्ययनले यस घटनाले नेपालको विद्यमान जोखिम न्यूनीकरण प्रणालीको डिजाइन र पूर्वानुमान क्षमताभन्दा परको रहेको बताएको छ । नेपालका पूर्वचेतावनी प्रणालीहरूले परिचित र पूर्वानुमान गर्न सहज नदी प्रणालीहरूमा काम गरेका थिए । तर यसपटकको घटना यसको गति, परिमाण र जटिलताका कारण ती प्रणालीहरूको क्षमताभन्दा बाहिर थियो । घटनाको सबैभन्दा सम्मुख रहेको क्षेत्रमा विद्यमान पूर्वसूचना प्रणालीले जोखिमबाट जोगाउन पर्याप्त समय उपलब्ध गराउन सक्ने अवस्था नै थिएन । अध्ययनले भोटेकोसी बाढीको तत्कालीन प्रभाव मुख्यत: प्रकोपसँगको सम्मुखता अर्थात् मानिस, बस्ती र पूर्वाधार जोखिममा रहेको अवस्थाले निर्धारण गरेको देखाएको छ । तर विपद्पछिको पुनरुत्थान र दीर्घकालीन असर भने प्रभावित समुदायको सङ्कटासन्नता र सामाजिक-आर्थिक अवस्थाअनुसार फरक पर्न सक्ने उल्लेख गरेको छ । नेपालका हिमाली भेगमा बसोबासयोग्य भूभाग सीमित हुनु र आर्थिक गतिविधि नदीसँग जोडिनुले मानिस तथा पूर्वाधारलाई जोखिम क्षेत्रबाट हटाउन चुनौतीपूर्ण बनाउने अध्ययनको निष्कर्ष छ । यसले अनुकूलनका केही सीमाहरू पनि देखाउँछ । तर यसको अर्थ ‘विपद् सधैं अपरिहार्य हो’ भन्ने होइन । भोटेकोसीजस्तो विपद्बाट सिकेको पाठबाट हामीले हाम्रो जोखिम आकलन र पूर्वतयारीको दायरा बृहत् बनाउन सक्छौं । हामीले अन्य हिमाली क्षेत्र र यस्तै भूगोलमा सोहीअनुसारको पूर्वतयारी गर्न सक्छौं । यस्तो घटनाबाट पूर्वाधार र संरचना कहाँ र कसरी बनाउने ?, कस्तो जोखिम आकलन गरेर बनाउने ?, कुन ठाउँमा कस्तो खालको पूर्वसूचना आवश्यक पर्छ ?, अन्तरदेशीय सूचना प्रणाली कसरी संस्थागत गर्ने ? र स्थानीय समुदायलाई कसरी तयार पार्ने ? भन्नेजस्ता सिकाइ महत्त्वपूर्ण हुन्छन् । जस्तो : २०८१ असोजको बाढी-पहिरोले गरेको मानवीय र भौतिक क्षतिबाट पाठ सिकेर यसपटक राज्यले पूर्वतयारी र पूर्वचेतावनीमा देखाएको गम्भीरताका कारण भएको क्षति न्यूनीकरणलाई एउटा उदाहरणका रूपमा लिन सकिन्छ । यसैगरी विपद्पछिको पुनर्निर्माणसँगै जोखिमको पुनर्निर्माण नहोस् भन्ने कुरामा पनि चनाखो हुनु आवश्यक छ । उदाहरणका लागि, २०७२ सालको भूकम्पबाट जसोतसो उठिसक्दानसक्दै पटकपटक थलिँदै अन्तत: भोटेकोसीको प्रलयमा बिलाएका रसुवाका गाउँ-बस्तीका वियोगान्त कथाहरू वर्षौंदेखि जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनमा दोहोरिँदै आएका कमजोरीका अभिलेख पनि हुन् । रसुवाको पैरेबेंसी र खाल्टेजस्ता जोखिमयुक्त स्थानमा भूकम्पले ढालेका बस्तीहरूको पुनर्निर्माण गर्दा भविष्यको जोखिम पनि पुनर्निर्माण भइरहेको हुन सक्थ्यो । केही अगाडि मात्रै रसुवाकै ल्हेन्दे खोलामा आएको बाढीले क्षति पुर्‍याएका संरचनाहरू पनि पुरानै तरिकाले पुनर्निर्माण भएका थिए । कसैसँग वैकल्पिक घर, बचत, बिमा वा सामाजिक सुरक्षाका उपाय हुन सक्छ भने कसैको एउटा घरसँगै उसको जीविका, वस्तुभाउ र आम्दानीको आधार सबै गुमेको हुन सक्छ । विशेषत: महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति र अरूको हेरचाहको जिम्मेवारी बोकेकाहरूका लागि जोखिमसँग जुध्ने क्षमता फरक हुन सक्छ । विपद्पछि घर गुमाउने पीडासँगै महिलामाथि थपिएको हेरचाहको बोझ, जीविकाको सङ्कट र सुरक्षित आवासको अभावले एउटै विपद्को असर फरकफरक बनाउँछ । त्यसैले जोखिम र क्षति नदीको वेग र भूगोलले मात्र निर्धारण गर्दैन राज्य र समाजमा विद्यमान असमानताको अदृश्य इतिहास र भूगोलले पनि निर्धारण गर्छन् । पुनर्निर्माण भनेको भत्किएको संरचना उही ठाउँमा फेरि उभ्याएर दुरुस्त पार्नु मात्रै होइन । त्यही जोखिममा उही संरचना फेरि उभ्याउनु भनेको क्षतिको पुनरावृत्तिको आधार तयार गर्नु हो, जोखिमको पनि पुनर्निर्माण गर्नु हो । त्यसैले विपद्ले बर्सेनि पुर्‍याउने क्षति र पुनर्निर्माणको अन्त्यहीन चक्रबाट निस्किनका लागि भौतिक संरचना मात्र होइन, विपद्सम्बन्धी हाम्रो बुझाइ, नीति, योजना र विकासका अभ्याससमेतको पुनर्निर्माण आवश्यक छ । ***(लेखक नेपाल सरकारकी शाखा अधिकृत हुन् । फुलब्राइट फेलोका रूपमा दिगो अन्तर्राष्ट्रिय विकासमा स्नातकोत्तर गरेकी उनी जलवायु परिवर्तन, विपद् र विकासका अन्तरसम्बन्धमा कलम चलाउँछिन् ।)***

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

- **मेष** : दाम्पत्य जीवन सुमधुर रहनेछ। आपसी कुराकानीले समस्याहरु सुल्झिनेछन्।
- **वृष** : काममा सफलता मिल्नेछ। सवारी साधनमा नीति नियमको पालना गर्नुहोला।
- **मिथुन** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। योजनाहरूको लाभ उठाउन सकिनेछ।
- **कर्कट** : कार्यक्षेत्रमा प्रगति हुनेछ। कुनै कुरालाई लिएर मनमा दुविधा रहनेछ।
- **सिंह** : नयाँ कामको प्रस्ताव मिल्नेछ। निजी सम्पर्कबाट रोकिएको काम बनाउन सकिनेछ।
- **कन्या** : प्रशासनिक क्षेत्रमा बोली प्रभावशाली रहनेछ। संचित धनमा वृद्धि हुनेछ।
- **तुला** : नयाँ योजनाहरू प्रभावित रहनेछन्। नयाँ कार्यप्रति उत्साह जाग्नेछ।
- **वृश्चिक** : कार्यक्षेत्रमा अरुको भर नपर्नुहोला। स्वास्थ्यलाई लिएर सावधान रहनुहोस्।
- **धनु** : शेयर बजारबाट लाभ रहनेछ । आफूभन्दा ठूला प्रति आत्मीयता बढ्नेछ।
- **मकर** : प्रभावशाली व्यक्तित्व निर्माण गर्ने समय रहेको छ। अध्ययनमा मन लाग्नेछ।
- **कुम्भ**: कार्यको शुभारम्भ गर्ने समय रहेको छ। अधिकार स्थापित गर्न सकिनेछ।
- **मीन** : दिगो फाइदाको कार्य सम्पादन हुनेछ। स्वास्थ्यलाई लिएर सावधान रहनुहोला।

## कला मनोरञ्जन

# गीतकार संघ नेपालको वार्षिकोत्सव : नीर शाहलाई ‘अमरभावना राष्ट्रिय स्रष्टा सम्मान’

गीतकार संघ नेपालको १७औं वार्षिकोत्सवका अवसरमा आयोजित ‘सम्मान तथा पुरस्कार समारोह एवं सांगीतिक कार्यक्रम’ भव्य रूपमा सम्पन्न भएको छ । भृकुटीमण्डपस्थित नेपाल पुलिस क्लबमा आइतबार आयोजित समारोहमा नेपाली गीतसंगीत तथा साहित्य क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका विभिन्न स्रष्टा, गीतकार तथा पत्रकारलाई सम्मान र पुरस्कार प्रदान गरिएको थियो । प्रतिष्ठित गीतकार किरण खरेलको प्रमुख आतिथ्यता तथा गीतकार संघ नेपालका अध्यक्ष वसन्त बित्यासी थापाको सभापतित्वमा सम्पन्न समारोहमा पाँच दशकभन्दा लामो समयदेखि नेपाली कला क्षेत्रमा सक्रिय गीतकार तथा अभिनेता नीर शाहलाई यस वर्षको ‘अमरभावना राष्ट्रिय स्रष्टा सम्मान’ प्रदान गरिएको थियो । शाहलाई एक लाख ५१ हजार रुपैयाँसहित सम्मानपत्र, माला र दोसल्ला ओढाएर सम्मान गरिएको हो । नेपाली गीत लेखनमा उहाँको लामो योगदानको कदर गर्दै संघले उक्त सम्मान प्रदान गरेको जनाएको छ । नीर शाहका ‘बादल बनाई देऊ आकार बदल्न सकूँ’, ‘गहिराइमा डुब्दै नडुब’, ‘पर्खी बसे आउला भनी’, ‘कहिलेकाहीँ हाँस्छु धेरै नै हाँस्छु’, ‘तिमीसँग डुंडामा घुम्दा घुम्दै फेवाताल’, ‘खुल्दैन ताल्चा त्यो ढोकाको’, ‘हिउँभन्दा चिसो’, ‘आगोभन्दा तातो’, ‘आँखैमा कसैको तस्वीर’, ‘अर्को जुनी चाहिँदैन मलाई’, ‘प्यारी वसन्ती’, ‘पसिनाको जलैले’लगायत गीत लोकप्रिय छन् । त्यस्तै, यस वर्षको ‘डायस्पोरा गीतकार सम्मान’ गीतकार नीलम आङ्बुहाङ राईलाई प्रदान गरियो । विदेशमा रहेर पनि नेपाली गीत लेखनमा निरन्तर सक्रिय राईलाई १५ हजार रुपैयाँसहित सम्मान गरिएको थियो । उनका ‘पुरानो हुँदैन माया’, ‘पानी मिठो मेरो हजुर’, ‘इलाम बजारको’लगायतका गीत चर्चित छन् । संघले प्रदान गर्दै आएको ‘विष्णु मन्सरा घले मातृभाषा गीतकार सम्मान’ यसवर्ष लोहोरुङ राई भाषाका स्रष्टा नइन्द्र लोहोरुङ राईलाई प्रदान गरिएको थियो । उजलाई नगद २५ हजार २५२ रुपैयाँसहित सम्मान गरिएको थियो । यसैगरी, ‘हरिभक्त बुढाथोकी प्रतिभा गीतकार सम्मान-२०८२’ बाट गीतकारद्वय सुशीला पौडेल र अरुण तिवारी सम्मानित भए । नेपाली गीत लेखनमा नयाँ सम्भावनासहित निरन्तर साधना गरिरहेका दुवैलाई जनही १५ हजार रुपैयाँसहित पुरस्कृत गरिएको हो । गीतकार संघ नेपालले यसै वर्षदेखि सुरु गरेको ‘गीतकार संघ नेपाल पत्रकारिता सम्मान-२०८२’ बाट हिमालय टाइम्सका उपसम्पादक कृष्ण भुसाल सम्मानित भए । सम्मानित व्यक्तित्वहरूको तर्फबाट ‘अमरभावना राष्ट्रिय स्रष्टा सम्मान’बाट सम्मानित नीर शाहले मन्तव्य राखेका थिए ।



**दुई कृतिलाई ‘जगतमर्दन थापा वर्ष गीति पुस्तक पुरस्कार’**

समारोहमा यस वर्षको ‘जगतमर्दन थापा वर्ष गीति पुस्तक पुरस्कार-२०८२’ कल्पना खरेलको कृति ‘नन्दिनी’ र ज्ञानेन्द्र गदालको कृति ‘भोलिको आश उज्यालो प्रकाश’लाई प्रदान गरियो । दुवै कृतिलाई नगद ५७ हजार रुपैयाँसहित पुरस्कृत गरिएको हो । त्यस्तै, ८८ ‘भैरवनाथ रिमाल (कदम) वर्ष गीत पुरस्कार’बाट गीतकारद्वय डम्बर याक्सोको ‘म तिम्रो नजरमा’ र प्रवल विष्टको ‘भुल्न सकिनँ’ पुरस्कृत भए । दुवै गीतलाई नगद ५७ हजार रुपैयाँसहित पुरस्कार प्रदान गरिएको थियो ।

**कालजयी गीतले ततायो सांगीतिक माहोल**

सम्मान तथा पुरस्कार वितरणसँगै समारोहमा नेपाली गीतसंगीतका दश अग्रज गीतकारको सम्मानमा उहाँहरूका इतिहास बोकेका दश कालजयी गीत प्रत्यक्ष रूपमा प्रस्तुत गरिएको थियो । सम्मानित गीतकार नीर शाहको गहन दार्शनिक भाव बोकेको गीत ‘गहिराइमा डुब्दै नडुब’ गायक जगदीश समालले प्रस्तुत गरे । त्यस्तै, गीतकार डा.भोला रिजालको मर्मस्पर्शी गीत ‘मेरो पौवा पाटीलाई’ गायक सञ्जय तुम्रोकले दमदार रूपमा प्रस्तुत गरे । गत वर्ष संघबाट सम्मानित तथा दिवंगत अमर स्रष्टा गणेश रसिकप्रति श्रद्धाञ्जलि अर्पण गर्दै उनको चर्चित पूर्वेली लोकआधुनिक गीत ‘धेरै सम्झे धेरै हुन्छ’ गायक अशोक मुकारुङले प्रस्तुत गरे । गीतकार एसपी कोइरालाद्वारा रचित चलचित्र ‘ग्रहण’को चर्चित रोमान्टिक गीत ‘धड्कनभित्र लुकाइदेऊ न’ रूपक चौधरी र बिनुषा राईले युगल रूपमा प्रस्तुत गर्दा दर्शकदीर्घा रोमाञ्चित बनेको थियो । त्यस्तै, मातृवात्सल्य र भावनाले भरिएको अमर बान्तुको रचना ‘आमा’ गायिका निशा देसारले प्रस्तुत गरे । कवि तथा गीतकार वसन्त चौधरीको आधुनिक गीत ‘मेरो प्यारो मान्छे’मा गायिका माण्डवी त्रिपाठीले प्रस्तुति दिए । गीतकार संघ नेपालका संस्थापक अध्यक्षसमेत रहेएका गीतकार डा.कृष्णहरि बरालको गम्भीर जीवनबोध बोकेको चर्चित गीत ‘मर्ने कसैलाई रहर हुँदैन’ बालगायक प्रेम परियारको स्वरमा प्रस्तुत भएको थियो । त्यस्तै, गीतकार योगेन्द्रमणि दाहालको ‘बादलहरू हो’ सञ्जय तुम्रोकले प्रस्तुत गर्नुभयो भने संघका पूर्वअध्यक्षसमेत रहेएका गीतकार चूडामणि देवकोटाको देशभक्तिपूर्ण गीत ‘तिम्रो पनि रगत’ सुमित खड्काले प्रस्तुत गर्दै राष्ट्रिय भावनालाई उजागर गरे । संघका पूर्वअध्यक्ष शुभ मुकारुङको शब्द रहेको चर्चित गीत ‘तिमीले मलाई छाडी गए’ गायक गणेश पराजुलीले गीतको भावअनुरूप मर्मस्पर्शी शैलीमा प्रस्तुत गरेका थिए ।

**१५ जना वाद्यवादकको प्रत्यक्ष संगीत**

सांगीतिक प्रस्तुतिमा वरिष्ठ संगीतकार अशोककुमार राईको संगीत संयोजनमा १५ जना कुशल वाद्यवादकले प्रत्यक्ष संगीत दिएका थिए । प्रत्यक्ष संगीतमा किबोर्डमा शुवानी मोक्तान, भ्वायलिनमा मोहनकृष्ण कार्की ढली, मनोहर सुनाम, किशोर कार्की ढली र रविन कार्की ढली, ढोलकमा कुमार महाराज र भरत बुढाथोकी, बाँसुरीमा गोपाल देव, मादलमा पोषण घर्ती र अनिल थापा, गिटारमा देव राई (बेस), प्रभात लामा (लिड), खगेन्द्र गुरुङ (रिदम) तथा प्याड ड्रममा अंकित खड्काले साथ दिनुभएको थियो । समारोहमा यस वर्ष गीतकार संघ नेपालको आजीवन सदस्यता प्राप्त गर्ने गीतकारहरूलाई प्रमाणपत्रसमेत वितरण गरिएको थियो । कार्यक्रमलाई विभिन्न माध्यमबाट सहयोग पुऱ्याउने व्यक्ति तथा संस्थालाई मायाको चिनो प्रदान गरिएको थियो ।

**‘देश दुख्दा हामी पनि दुखी भयौं’**

कार्यक्रमका सभापति तथा संघका अध्यक्ष वसन्त बित्यासी थापाले स्वागत मन्तव्य राख्दै देशको असहज परिस्थितिका कारण कार्यक्रम केही ढिलो आयोजना गर्नुपरेको बताए । उनले भदौ १० गते आएको विनाशकारी बाढीपहिरो तथा प्राकृतिक विपत्तिका कारण यसअघि तय भएको कार्यक्रम स्थगित गर्नुपरेको स्मरण गर्दै संघले कार्यक्रमका लागि छुट्याएको रकममध्ये एक लाख १५ हजार रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरेको जानकारी दिए । देशमा परेको विपत्तिका बेला संघ पनि संवेदनशील रहेको उल्लेख गर्दै थापाले नेपाली गीतसंगीत र शब्दको गरिमालाई उच्च राख्न संघ सधैं प्रतिबद्ध रहेको बताए । उनले कार्यक्रममा उपस्थित हुने तथा संघ र समारोहलाई विभिन्न माध्यमबाट सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे । समारोहमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति ब्रजेश खनाल, सदस्य सचिव भूपेन्द्र रायमाझी, चलचित्र कलाकार संघका अध्यक्ष उत्तम केसी, सांगीतिक संघ नेपालका अध्यक्ष मिलन मोक्तान, महाकाव्यकार खेमनाथ दाहाल, साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीलगायत विभिन्न संघसंस्थाका पदाधिकारी तथा कला, साहित्य र संगीत क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको उपस्थिति थियो । कार्यक्रममा गीतकार संघ नेपालका संस्थापक अध्यक्ष एवं प्रतिष्ठित गीतकार कृष्णहरि बराल, गीतकारहरू भोला रिजाल, एसपी कोइराला, राजेन्द्र थापा, अक्षय कोष संरक्षकहरू अमर बान्तु, अभिषेक रिजाल, मोहित मर्दन थापा, गीतकार दिनेश अधिकारी, सुभाषचन्द्र ढुंगेल, प्रमोद ढुंगाना, भूषण खरेल, योगेन्द्रमणि दाहाल, शुभ मुकारुङ, सुनिल मास्केलगायतको उपस्थिति थियो । कवि तथा गीतकार डा.राजुबाबु श्रेष्ठ, कवि तथा गीतकार देवेन्द्र केसी, वरिष्ठ गायक लाक्पा शेर्पा, वरिष्ठ गायक तथा सर्जक दुर्गा रायमाझीलगायत स्रष्टाहरू पनि समारोहमा सहभागी हुनुहुन्थ्यो । सञ्चारकर्मी तथा संघका आजीवन सदस्य हेम सुवेदीले सञ्चालन गरेको कार्यक्रम रेडियो आहा १०४.५ मेगाहर्ज तथा रेडियोको फेसबुक पेजबाट प्रत्यक्ष प्रसारणसमेत गरिएको थियो ।

*-इहिमालय डटकम*

# मंसिर दोस्रो साता तनहुँमा गुन्जँदै नेपथ्य




चर्चित सांगीतिक ब्याण्ड नेपथ्य तनहुँमा गुन्जने भएको छ । मंसिर १२ गते तनहुँको शुक्लागण्डकीमा नेपथ्यको कन्सर्ट हुन लागेको हो । लायन्स क्लब अफ शुक्लागण्डकीको आयोजनामा ‘गण्डकीको सुस्केरामा नेपथ्यको धुन: नेपथ्य लाइभ इन शुक्लागण्डकी’ हुँदैछ । भानुभक्त बहुमुखी क्याम्पस बेलचौताराको खेलमैदानमा नेपथ्य गुन्जनेछ । सोमबार पत्रकार सम्मेलन आयोजना गरेर कार्यक्रमबारे जानकारी गराउँदै आयोजकले शुक्लागण्डकीको भूमीमा ऐतिहासिक सांगीतिक क्षण बन्ने दाबी गरेको छ । सो अवसरमा प्रचारप्रसारका लागि ‘गण्डकीको सुस्केरामा नेपथ्यको धुन: नेपथ्य लाइभ इन शुक्लागण्डकी’ कार्यक्रमको टिसर्ट सार्वजनिक गरियो । लायन्स इन्टरनेशनलको ‘पढाऊ’ अभियान अन्तर्गत शिक्षा क्षेत्रमा सहयोग पुर्याउने उद्देश्यले साङ्गतिक कार्यक्रम आयोजना गरेको कार्यक्रम संयोजक खुमबहादुर विक ‘राजु’ ले बताए । विकका अनुसार, ‘कन्सर्टमा १० हजार बढी संगीतप्रेमीहरु झुम्नेछन्, नेपथ्य को स्वरमा स्वर मिसाउदै छमछमी नाच्नेछन् ।’ एक करोड रुपैयाँ बराबरको कारोबार हुने उनले जानकारी दिए । ‘बचत रकम लायन्स क्लब इन्टरनेशनल ३२५ एमको मूल मन्त्र ‘पढाऊ’ अभियानलाई सार्थक बनाउन शिक्षा क्षेत्रको विकासमा खर्च गरिनेछ’, उनले भने । बचत रकमले विपन्न वर्गका विद्यार्थीहरूलाई छात्रवृत्ति, शैक्षिक सामग्री र पोसाक वितरण गर्ने लक्ष्य रहेको उल्लेख गरिएको छ । ‘हामी संगीतको माध्यमबाट विद्यार्थी तथा युवापुस्तालाई सकारात्मक र सिर्जनात्मक गतिविधिसँग जोड्न चाहान्छौँ’, कार्यक्रम संयोजक विकले भने, ‘ संगीतको धुनमार्फत सामाजिक एकता र सद्भावलाई प्रवर्द्धन गर्ने, शुक्लागण्डकीलाई सांगीतिक गन्तव्यको रूपमा स्थापित गर्नेछौँ ।’ स्थानीय व्यवसाय, पर्यटन क्षेत्रलाई चलायमान बनाउन सहयोग गर्ने तथा लायन्स क्लबको सामाजिक सेवामुखी अभियानलाई थप प्रभावकारी बनाउने उद्देश्य राखिएको उनले बताए । संगीत केवल मनोरञ्जनको माध्यम मात्र नभई समाजलाई जोड्ने, सकारात्मक सन्देश प्रवाह गर्ने र सामाजिक अभियानलाई उकास्ने एक प्रभावकारी माध्यम भएको उनले सुनाए । त्यही माध्यमले तनहुँसहित कास्की, स्याङ्जा, लमजुङ, गोरखा, पाल्पा र आसपासका तमाम संगीतप्रेमी, विद्यार्थी, युवा, व्यवसायी, उद्यमी, पेसाकर्मी तथा सर्वसाधारणलाई एउटै सांगीतिक मञ्चमा जोड्ने संयोजक विकले दाबी गरे । पत्रकार सम्मेलनमा बोल्दै शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले कार्यक्रमले संगीतप्रेमीको मन जोड्न भूमिका खेल्ने बताए । ‘स्थानीय तहको हैसियतमा गर्नुपर्ने सहयोग गर्नेछौं । अहिलेका युवासँग संगीतमा मात्रै होइन विकास निर्माणमा पनि हातेमालो गरेर अगाडि बढ्नेछौँ’, उनको भनाइ थियो । युवाहरू नवीन सोचका साथ अगाडि बढिरहेको उनले बताए । भिमाद नगरपालिकाका प्रमुख दधिराज सुवेदीले कार्यक्रम आयोजना पूर्व नै बचत रकम शिक्षा क्षेत्रमा लगानी गर्ने उद्घोषले सकारात्मक सन्देश प्रवाह गरेको बताए । म्याग्दे गाउँपालिका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले संगीत क्षेत्रका अग्रज र उदयमानलाई कार्यक्रमले उत्साह थप्ने बताए । लायन्स क्लब अफ शुक्लागण्डकीका अध्यक्ष देवेन्द्र बहादुर ढुंगानाले आफूहरुले ऐतिहासिक क्षणको तारतम्य मिलाउने प्रयास मात्रै गरेको बताए । ‘अब यो कार्यक्रमलाई अझ धेरै ऐतिहासिक र भव्य तरिकाले सम्पन्न गराउने जिम्मेवारी तपाईंहरुलाई नै सुम्पिएका छौं’, उनले भने, ‘हामीलाई आशा छ, जसरी आज यहाँहरुले उत्साहपूर्ण साथ दिनुभएको छ त्यसरी नै कार्यक्रम सम्पन्नपश्चात पनि साथ पाउनेछौँ ।’ आगामी बर्षहरुमा पनि यस्तै ऐतिहासिक क्षणको साक्षी बस्ने वातावरण मिलाउने प्रतिबद्धता जनाए । *-रातोपाटी डटकम*

# दसैंमा नेपाली फिल्म: रोचक बन्यो ‘रिलिज लाइनअप’



दसैं नेपाली फिल्म रिलिजका लागि महत्वपूर्ण समय बनिसकेको छ । विगतका वर्षमा दसैंमा रिलिज भएका फिल्म, तिनले गरेको व्यापार र हरेक वर्ष दसैंमा आफ्नो फिल्म प्रदर्शनका लागि हुने होडबाजीले पनि यसको पुष्टि गर्छ । त्यसैले हरेक वर्ष दसैंमा फिल्म प्रदर्शन गर्न फिल्मकर्मीबीच हानथाप हुने गर्छ । दर्शकको फुर्सद र दसैंमा हलमा बढ्ने चापलाई लक्षित गर्दै फिल्महरू दसैंको अवसरमा रिलिज हुने गरेका छन् । यसपटक पनि केही ठूला तथा प्रतीक्षित मानिएका फिल्म दसैंको अवसरमा प्रदर्शनको तयारीमा छन् । यदि कुनै नयाँ फिल्म थपिएनन् भने दसैंमा रिलिज हुने फिल्मको अन्तिम लाइनअप अब टुंगो लागेको छ । यस पटकको दसैंमा विशेषगरी फूलपातीको अवसरमा नेपाली फिल्मको प्रतिस्पर्धा सबभन्दा रोचक बन्ने देखिन्छ । फूलपातीको अवसरमा मात्रै तीन ठूला तथा प्रतीक्षित फिल्म प्रदर्शनमा आउने तयारीमा छन् । संयोग कस्तो पनि परेको छ भने तीनै फिल्म सिक्वेल हुन् । असोज ३० गते विराज भट्ट-समीर भट्ट अभिनीत फिल्म ‘१२ गाउँ २’ र पल शाह, मलिका महत लगायतको अभिनय रहेको ‘आबाट आमा २’ रिलिज हुँदैछन् । त्यसको भोलिपल्ट अर्थात् असोज ३१ गतेदेखि दीपकराज गिरी-दीपाश्री निरौलाको ‘छ माया छपक्कै २’ प्रदर्शनमा आउनेछ । यी तीनै फिल्म सुपरहिट फिल्मका सिक्वेल भएकाले पनि रिलिजअघि नै थप चासो र चर्चा छ । तीन फिल्म छोटो अन्तरालमा प्रदर्शनमा आउँदा दसैंको बक्स अफिसमा प्रतिस्पर्धा रोचक हुने देखिन्छ । तीन वटै फिल्मप्रति दर्शकको चासो पनि सुरूदेखि नै देखिँदै आएको छ । रिलिज मिति नजिकिँदै गएसँगै निर्माण टिम पनि प्रचारमा जुटेका छन् । गीत, टिजर तथा अन्य प्रचार सामग्री सार्वजनिक गर्ने क्रमसँगै तीनवटै फिल्मका निर्माण टिम प्रचारप्रसारमा सक्रिय देखिएका हुन् । विराज भट्ट निर्देशित ‘१२ गाउँ २’ र चन्द्र पन्त निर्देशित ‘आबाट आमा २’ को टिजर सार्वजनिक भइसकेको छ । यस्तै, दीपेन्द्र लामाले निर्देशन गरेको ‘छ माया छपक्कै २’ ले शीर्ष गीत सार्वजनिक गरिसकेको छ । आउँदा दिनमा अन्य प्रचार सामग्री सार्वजनिक गर्ने तयारीमा टिम जुटेको छ । दसैंको फिल्मी भिडन्त फूलपातीमा मात्रै सीमित छैन । दसैंको टीकाको पर्सिपल्ट अर्थात् कात्तिक ६ गते अर्को प्रतीक्षित फिल्म ‘कबड्डी ५’ रिलिज हुँदैछ । दयाहाङ राई, विजय बराल, विपिन कार्कीलगायत कलाकारको अभिनय रहेको यो फिल्मले पनि दसैंको नेपाली फिल्मी माहोललाई थप रोचक बनाउने देखिन्छ । रामबाबु गुरूङ निर्देशित यो फिल्मको यसअघि नै टिजर सार्वजनिक भइसकेको छ । यसअघि अनमोल केसी र प्रिन्सी खतिवडा अभिनीत ‘बाटुलो जून’ पनि दसैंको अवसरमा प्रदर्शनमा आउने भनिएको थियो । अन्तत: भुवन केसी निर्देशित यो फिल्म दसैंबाट पछि सरेको छ । निर्माण पक्षले नयाँ पोस्टर सार्वजनिक गर्दै फिल्म अब कात्तिक २६ गते अर्थात् भाइटीकाको भोलिपल्टदेखि प्रदर्शनमा आउने घोषणा गरेको हो । दसैंको मुख्य रिलिजअघि पनि नेपाली फिल्मको लाइनअप बाक्लै छ । असोज १६ गते ‘चमेलीको पोइ’ र ‘चंगुल’ गरी दुई नेपाली फिल्म रिलिज हुँदैछन् । एभरेस्ट सूर्य बोहरा निर्देशित ‘चमेलीको पोइ’ मा सुरक्षा पन्त, मुकुन भुसाल, नारायण त्रिपाठी, विल्सन विक्रम राई लगायत कलाकारको अभिनय छ । त्यस्तै, राम गौतम निर्देशित ‘चंगुल’ मा रवि कार्की, लय संग्रौला, लक्ष्मीनाथ तिमिल्सिना, राम गौतमलगायत कलाकारको अभिनय छ । त्यसैगरी, असोज २३ गते ‘टनेल २६’ र ‘अक्षरा’ प्रदर्शनमा आउँदैछन् । नेपाल, भुटान र भारतको सहकार्यमा बनेको डिजास्टर-हरर फिल्म ‘टनेल २६’ लाई डीडी किन्लेले निर्देशन गरेका हुन् । फिल्ममा सङ्गे छेल्ट्रिम, अनुपविक्रम शाही, आना शर्मा, निदुप दोर्जी, डेकी लामो, फुन्टशोक धोन्डेन र रोशनी दादालगायत कलाकारको अभिनय छ । त्यस्तै, विनयराज पौडेल निर्देशित ‘अक्षरा’ मा सुशील सिटौला, न्यान्सी खड्का, सुशील पोखरेल, पुष्कर राउत, रिस्ता बस्नेतलगायत कलाकारको अभिनय छ । *-सेतोपाटी डटकम*

# बाढीमा मृत्यु हुनेको संख्या एक हजार ४ सय ५४ पुग्यो



**पाल्पा,** असोज १३/ रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीमा मृत्यु हुनेको संख्या एक हजार ४ सय ४५ पुगेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार मंगलबार दिउँसो २ बजेसम्म विभिन्न जिल्लाबाट गरी १ हजार ४ सय ५४ जनाको शव फेला परेको हो ।

फेला परेका शवमध्ये सबैभन्दा धेरै चितवनमा ३ सय ६९, रसुवामा २ सय ३६, नवलपरासी पूर्वमा २ सय ३२, नवलपरासी पश्चिममा २ सय २२ र नुवाकोटमा २ सय ४ जनाको शव फेला परेको छ। त्यस्तै धादिङमा ७२, गोरखामा ७९ र तनहुँमा ३८ जनाको शव फेला परेको छ । यसबाहेक काठमाडौंमा उपचारका क्रममा थप २ जनाको मृत्यु भएको जनाइएको छ । बाढी तथा त्यसबाट सिर्जित विपद्का कारण ज्यान गुमाएकाहरूको पहिचानका लागि आवश्यक प्रक्रिया अघि बढाइएको छ । फेला परेका शवको पहिचानका क्रममा डीएनए नमुना सङ्कलन गर्ने तथा अन्य कानुनी र प्राविधिक प्रक्रिया पूरा गर्ने काम भइरहेको छ । हालसम्म एक हजार ३ सय ३४ वटा शव व्यवस्थापन गरिएको छ । पहिचान तथा थप प्रक्रिया पूरा गर्नुअघि व्यवस्थापन गरिएका शवलाई सुरक्षित रूपमा माटोमुनि राखिएको जनाइएको छ । शव पहिचानका लागि मृतकका तर्फबाट एक हजार ३ सय ३० वटा र आफन्तका तर्फबाट २ हजार ६६ वटा गरी कुल ३ हजार ३ सय ९६ वटा डीएनए नमुना सङ्कलन गरिएको छ । यसबाट पहिचान हुन बाँकी शवहरूको विवरण मिलान गरी आफन्तलाई शव बुझाउने प्रक्रिया अघि बढाइने छ । यसैबीच, पहिचान हुन नसकेका १ हजार ४ सय २१ वटा शवको विवरण नेपाल प्रहरीको वेबसाइटमा समेत सार्वजनिक गरिएको छ । बाढी प्रभावित क्षेत्रमा उद्धार तथा खोजी कार्यलाई निरन्तरता दिइएको छ । उद्धार, बेपत्ता व्यक्तिको खोजी, राहत वितरण, शव व्यवस्थापन तथा अन्य आवश्यक कार्यका लागि हालसम्म ७ हजार ९ सय ७५ जना प्रहरी कर्मचारी परिचालन गरिएको छ । बाढीपछि अझै ठूलो संख्यामा मानिसहरू बेपत्ता रहेको जनाइएको छ । मंगलबार दिउँसो २ बजेसम्म ४ हजार ७ सय १८ जना बेपत्ता रहेको र उनीहरूको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ । सुरक्षाकर्मी तथा उद्धार टोलीले प्रभावित क्षेत्रमा खोजी कार्यलाई तीव्रता दिएका छन् ।

## वर्षाले पाल्पाका सडक...

...सडक अवरुद्ध भएपछि स्थानीय तहले डोजर तथा अन्य साधन परिचालन गरी सडक खुलाउने प्रयास गरिरहेका छन् । लगातारको वर्षासँगै कालीगण्डकी नदीमा आएको बाढीले पक्की तथा झोलुङ्गे पुलमा समेत क्षति पुऱ्याएको छ । सडक डिभिजन पाल्पाका अनुसार रामपुर नगरपालिका-३, केलादीस्थित मोटरेबल पुल प्रभावित भएको छ । कालीगण्डकीको बाढी पुलभन्दा माथिबाट बगेपछि पुलका पाल्पातर्फका दुई स्पानमा क्षति पुगेको सडक डिभिजन पाल्पाका निमित्त प्रमुख आचार्यले बताए । उनका अनुसार रामपुरदेखि मित्याल हुँदै पूर्वी नवलपरासीको अरुणखोला जोड्ने सडकखण्डमा पर्ने अर्को नदीमाथिको पुलमा समेत क्षति पुगेको छ । पुलमा क्षति भएपछि उक्त क्षेत्रमा आवागमन बन्द गरिएको छ । सडक र पुल अवरुद्ध हुँदा यातायातमा मात्रै नभई स्थानीयको जनजीवन र अर्थतन्त्रमा समेत प्रत्यक्ष असर परेको छ । बिरामीलाई समयमै अस्पताल पुऱ्याउन कठिनाइ हुनुका साथै किसानले उत्पादन गरेका दूध, तरकारी, खुर्सानीलगायत कृषि उपज बजारसम्म पुऱ्याउन नसक्दा ठूलो आर्थिक क्षति बेहोर्नुपरेको छ । रिब्दीकोट र तिनाउ क्षेत्रका किसानका लागि अहिले खुर्सानी उत्पादन गरी बजारमा पठाउने मुख्य समय हो । तर सडक अवरुद्ध भएपछि खेतमा पाकेको खुर्सानी बजारसम्म लैजान नसकिएको किसान तथा व्यवसायीले बताएका छन् । स्थानीय कृषक विष्णु प्रसाद पोखरेलका खेतमा पाकेर राताम्य भएको खुर्सानी टिपेर बजार पुऱ्याउन नसक्दा खेतमै कुहिन थालेको छ । सडक लामो समयसम्म नखुले उत्पादनमा थप क्षति हुने भन्दै उनी चिन्तित छन् । बाढीपहिरोबाट भएको क्षतिको विवरण संकलनसँगै सडक सञ्चालनका लागि स्थानीय तह तथा सम्बन्धित निकायले पहल थालेका छन् । पहिरो पन्छाउने, सडकमा थुप्रिएको माटो तथा ढुंगा हटाउने र क्षतिग्रस्त संरचनाको तत्कालीन मर्मत गर्ने काम भइरहेको सम्बन्धित स्थानीय तहले जनाएका छन् ।

## देशका विभिन्न स्थानमा भएका...

...प्रहरीले हाल फरार मोटरसाइकल चालकको खोजी गरिरहेको छ । यस्तै रूपन्देहीको बुटवल उपमहानगरपालिका-१७ रानीगन्जस्थित तिनाउ खोलामा एक जनाको शव फेला परेको छ । उपमहानगरपालिका-३ चिडिया खोला संघर्ष टोल बस्ने ३२ वर्षीय यम बहादुर पहराई मृत अवस्थामा फेला परेका हुन् । यस्तै तनहुँको म्याग्दे गाउँपालिका-१ माथिल्लो गुणादी दुर्गा मन्दिरस्थित गुणादी खोलामा ऋषि, गाउँपालिका-१ सेताङ बस्ने ५७ वर्षीय तुल बहादुर लुङगेली मगर पनि मृत अवस्थामा फेला परेका छन् । उता सिन्धुलीको कमलामाई नगरपालिका-१२ तोरीश्वारा बस्ने ५९ वर्षीय मोहन बहादुर खड्का सोही नगरपालिका-७ थाक्ले फेदीस्थित सडकमा मृत अवस्थामा फेला परेका छन् । यस्तै रोल्पाको सुनछहरी गाउँपालिका-२ गुवाखोला नजिकै जंगलमा हाल नाम, थर र वतन नखुलेका अन्दाजी ७० वर्षीय पुरूष पनि मृत अवस्थामा फेला परेका छन् ।

यस्तै ताप्लेजुङको पाथीभरा याङवरक गाउँपालिका-२ तारबोटे बस्ने ४३ वर्षीय राज कुमार चङ्सु सोही ठाउँस्थित गोरेटो बाटोमा मृत अवस्थामा फेला परेका छन् ।

### खेलकुद समाचार

## श्रीलंकासँगको खेल वर्षाका कारण रद्द : नेपाल बाहिरियो



**काठमाडौं,** असोज १३/ २०औँ एशियन खेलुकद अन्तर्गत पुरुष क्रिकेटको क्वाटरफाइनलमा नेपाल र श्रीलंकाबीचको मंगलबार बिहान हुनुपर्ने खेल वर्षाका कारण हुन नसकेपछि नेपाल बाहिरिएको छ । जापानमा भइरहेको प्रतियोगिताको नागोयाको कोरोगी स्पोर्टस पार्कमा नेपाल र श्रीलंकाबीचको खेल टस पनि हुन नपाई रद्ध भएको हो । खेल नभए उच्च वरीयताको टोली अघिल्लो चरणमा जाने नियमानुसार श्रीलङ्का सेमिफाइनलमा पुगेको छ । नेपाल भने प्रतियोगिताबाट बाहिरिएको हो । टी-२० विश्व वरीयतामा श्रीलंका नवौं र नेपाल १४औं स्थानमा छ । नेपालले समूह चरणको पहिलो खेलमा अफगानिस्तानलाई ५ विकेटले पराजित गरेको थियो । त्यसपछि जापानसँग समूह चरणको अन्तिम खेल पनि वर्षाले प्रभावित हुन पुगेको थियो । यसअघि हिजो तय भएका क्वाटरफाइनल खेल पनि वर्षाले रद्द भएका थिए । भारत र अफगानिस्तान तथा पाकिस्तान र हङकङबीच हुने तय रहेको क्वाटरफाइनल वर्षाका कारण रद्द भएको हो । त्यसपछि भारत र पाकिस्तान वरीयताका आधारमा सेमिफाइनलमा प्रवेश गरेका छन् ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## साढे ९ अंकले घट्यो नेप्से



**पाल्पा,** असोज १३/ सेयर बजारमा गिरावट आएको छ । अघिल्लो कारोबार दिन १६ दशमलव ४७ अंकले घटेर बन्द भएको नेप्से मंगलबार साढे ९ अंकले घटेको हो ।

नेप्से ९ दशमलव ६२ अंकले घटेर २ हजार ६ सय ३ दशमलव ७१ विन्दुमा अडिएको छ । अघिल्लो दिन सोमबार नेप्से परिसूचक १६ दशमलव ४७ अंकले घटेर २ हजार ६ सय १३ दशमलव ३३ विन्दुमा झरेको थियो । नेप्से घटेसँगै यसदिन कारोबार रकममा पनि सोमबारको तुलनामा कमी आएको छ । सोमबार ५ अर्ब ३८ करोड बराबरको सेयर कारोबार भएकोमा यस दिन ४ अर्ब ६५ करोडको कारोबार भयो । ३६३ वटा स्क्रिप्सको १ करोड १० लाख ६९ हजार ७४ कित्ता सेयर ४ अर्ब ६५ करोड ४८ लाख ७८ हजार ४५ रुपैयाँमा खरिदबिक्री भए । १२ प्रतिशत आईसीएफसी फाइनान्स लिमिटेड डिवेन्चर २०८३ को सेयर ९ दशमलव १७ प्रतिशतले बढ्दा सयपत्री हाइड्रोपावरको सेयर ६ दशमलव ७९, ७ प्रतिशत नेपाल एसबीआई बैंक डिवेन्चर २०९० को ६ दशमलव ४२ र सर्वोत्तम पेन्ट्स इन्डस्ट्रिजको ६ दशमलव २९ प्रतिशतले बढयो । २२ करोड बढिको कारोबार गरी हिमालयन डिष्टिलरी शीर्षस्थानमा रह्यो ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक वीरकोट गा.वि.स.-५, हाल पूर्वखोला गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5245499 Y का Sepoy टोक बहादुर थापा (ना.प्र.मा टोक बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा दिलमाया र जन्म मिति सन् १९६८ फेब्रुअरी ९ (वि.स.२०२४/१०/२६) र नेपाली नागरिकता प्रमाणपत्रमा दिलमाया थापा, जन्म मिति वि.स. २०२४/१०/२६ (सन् १९६८ फेब्रुअरी ९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक वीरकोट गा.वि.स.-४, हाल पूर्वखोला गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5447204 A का NK/TS भिम बहादुर (ना.प्र.मा भिम बहादुर ढेंगा मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा डाली सरा मगर्नी र जन्म मिति सन् १९६२ अगष्ट ३ (वि.स.२०१९/०४/१९) र नेपाली नागरिकता प्रमाणपत्रमा डिलीसरा ढेंगा मगर, जन्म मिति वि.स. २०१९/०६/२५ (सन् १९६२ अक्टोवर ११) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक वीरकोट गा.वि.स.-६, हाल पूर्वखोला गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5447768 H का NK/TS टेक बहादुर थापा (ना.प्र.मा टेक बहादुर सार्की) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा दिल कुमारी र जन्म मिति सन् १९६२ अप्रिल ५ (वि.स.२०१८/१२/२३) र नेपाली नागरिकता प्रमाणपत्रमा दिल कुमारी नेपाली, जन्म मिति वि.स. २०१९/०९/१५ (सन् १९६२ डिसेम्वर ३०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई